# पाँचखाल नगरपालिका

## स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरि दैनिक ज्याला मजदुरी गरि परिवार धान्ने अति विपन्न नागरिकलाई कोभिड-१९ उपचारार्थ दिईने आर्थिक सहयोग सम्वन्धि कार्यविधि, २०७८

स्वीकृत भएको मिति २०७८।०१।१२
लागु भएको मिति २०७८/०१/२९

**१. प्रस्तावना:** कोभिड १९ महामारीको दोश्रो लहरबाट विश्व अक्रान्त भईरहेको बेला हाम्रो देश पनि अछुतो रहन सकेन । नयाँवर्ष २०७८ को प्रारम्भ संगै कोभिडको सङ्क्रमण दिनप्रतिदिन बढ्दो क्रममा रही दैनिक मृत्यु हुने नागरिकको संख्या पनि थपहुँदै गएको देखिन्छ । पाँचखाल नगरपालिकाका जनप्रतिनिधि सहित आम नागरिकहरु कोभिडबाट सङ्क्रमित भई होम आईसोलेशन वा अस्पतालहरुमा उपचार गराई रहेको अवस्था रहेको छ । दैनिक ज्याला मजदुरी गरी परिवार धान्नु पर्ने अवस्थाका अति विपन्न नागरिकहरुलाई आर्थिक अभावको कारणवाट उपचार गर्नबाट बञ्चित हुन नपरोस भन्ने उद्देश्यले पाँचखाल नगरपालिकाले नेपाल सरकारले कोभिड-१९ उपचार गर्न तोकेको अस्पतालमा गई उपचार गर्न नागरिकलाई आर्थिक सहयोग उपलब्ध गराउन यो कार्यविधि बनाई लागु गरिएको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भ:** १. यस कार्यविधिको नाम " **दैनिक ज्याला मजदुरी गरि परिवार धान्ने परिवारका अति विपन्न नागरिकलाई दिईने आर्थिक सहयोग सम्वन्धि कार्यविधि २०७८"** रहेको छ । यो कार्यविधि २०७८ बैशाख २९ गतेको मिति देखि लागु हुनेछ ।

**३. परिभाषा र व्याख्या:** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क. नगरपालिका भन्नाले पाँचखाल नगरपालिका सम्झनु पर्दछ ।

ख. वडा कार्यालय भन्नाले पाँचखाल नगरपालिका स्थित वडा कार्यालय सम्झनु पर्दछ ।

ग. अति विपन्न नागरिक भन्नाले यस कार्यविधिमा उल्लेख गरिएको आधारमा सम्वन्धित वडा कार्यालयबाट सिफारिस भई आएका पाँचखाल नगरपालिकाको स्थायी नागरिक बुझ्नु पर्दछ ।

**४. अस्पताल भन्नाले:** कोभिड-१९ को उपचार गर्न नेपाल सरकारबाट तोकिएका विशेषज्ञ सेवा उपलब्ध गराउने अस्पताल सम्झनु पर्दछ ।

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

Maheshkharel

**५ . परिस्थितिको विश्लेषण :** कोभिड १९ रोगको सङ्क्रमणबाट शुरक्षित रहन केन्द्र तथा स्थानीय सरकारहरुले समयसमयमा आवश्यक सूचनाहरु जारीगरि नागरिकहरुदलाई सचेत बनाईरहेका छन । पाँचखाल नगरपालिकामा पनि सुविधासम्पन आईसोलेशन वार्ड सञ्चालन गरि कोभिड पोजेटिभ भएका व्यक्तिहरुलाई आईसोलेशनमा राखेर सेवा प्रवाह गर्ने काम भईरहेकोछ । नगर आईसोलेशनको उपचारबाट निको हुन नसकेका बिरामीहरुलाई थप उपचारको लागि सुविधा सम्पन्न अस्पताल पठाउनु पर्ने पनि हुनसक्छ । कोभिड परीक्षण गरि अस्पतालमा उपचार गराईरहेका नागरिकहरुको जानकारि पनि नगरपालिकामा प्राप्त भएको छ । होम आईसोलेशनमा रहेका नागरिकहरु उपचारका लागि अस्पताल भर्ना हुनुपर्ने हुनसक्छ । आफ्ना नागरिकको स्वास्थ्य सुरक्षा प्रति नगरपालिका अति संबेदनशील छ । आर्थिक अभावमा कुनैपनि नागरिक उपचारबाट बञ्चितहुन नपरोस र उपचार खर्चमा थोरै भएपनि भरथेग होस भन्ने उद्देश्य नगरले राखेको छ ।

**६. नगरको योजना:** कोभिड सङ्क्रमित सबै नगरबासीहरुको उपचार खर्चमा भरथेग गर्न नगरपालिकाको आर्थिक श्रोतले थेग्ने देखिदैन । महामारिको यस सङ्गिन घडिमा खर्चको व्यवस्थापन गर्न सक्ने व्यक्तिहरुले नगरपालिकाले दिने आर्थिक सहयोगको आशा पनि गर्नुहुँदैन । अति विपन्न परिवार जसले दैनिक ज्याल मजदुरी गरी परिवार पालिरहेको सङ्क्रमित परिवारका सदस्यको उपचार खर्च जोहो गर्न सङ्घर्ष गर्नुपर्छ ती व्यक्तिलाई मात्र नेपाल सरकारले कोभिड-१९ को उपचार गर्न तोकेको अस्पतालमा गाई उपचार गरेको उपचार खर्चको बील र नगरपालिकाको सम्वन्धित वडा कार्यालयको सिफारिसको आधारमा नगर स्थित कोभिड व्यवस्थापन निर्देशक समितिको निर्णयबाट बढिमा प्रति व्यक्ति रु १०,०००(रु दश हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्था हुनेछ ।

**७. आर्थिक सहयोग उपलब्ध गराउने आधारहरु:** बिहान बेलुका हातमुख जोर्नपनि मुस्किल पर्ने अति विपन्न परिवार जसले नेपाल सरकारले कोभिड-१९ को उपचार गर्न तेकेको अस्पतालमा उपचार गराईरहेका सङ्क्रमित सदस्यलाई उपलब्ध गराईने आर्थिक सहयोग वितरणका आधारहरु निम्न बमोजिम हुनेछन्:

(क) आफ्नो स्वामित्वमा पाखो भए ५ रोपनी र खेत भए २ रोपनी भन्दा कम खेतीयोग्य जमिन भएको,

(ख) आफ्नो कुनै ब्यापार वा व्यवसाय नभएको,

(ग) नियमित तलव भत्ता आउने कुनै रोजगारि नभएको, वा नियमित आय, आम्दानीको कुनै स्रोत नभएको,

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

Mahesh Khanal

(घ) कुनै पनि निकायबाट पेन्सन सुविधा नभएको तर सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको हकमा यो उपदफा लागु हुने छैन ।

(ङ) शहरी वा ब्यावसायिक क्षेत्रमा घरभई घरभाडा वापत कुनै रकम प्राप्त नहुने,

(च) सरकारी, गैरसरकारी क्षेत्र, वित्तिय संघ संस्था, सहकारी निजी संघ संस्था, व्यापार व्यवसाय, कृषि पशुपालनबाट आम्दानी नहुने, बैदेसिक रोजगारी प्राप्त भएको वा त्यस्ता काममा संलग्न भएको परिवारका सदस्यलाई यो आर्थिक सहायता प्राप्तिको लागि योग्य मानिने छैन ,

(छ) परिवारका कुनैपनि सदस्य बैदेशिक रोजगारमा नगएको,

(ज) नेपाल सरकारले कोभिड उपचारको लागि तोकेको अस्पतालबाट स्वास्थ्य उपचार गराईरहेको हुनुपर्ने,

(झ) डक्टरको प्रिस्केप्सन अनुसारको औषधी खरिदको बील वा अन्य खर्चको यथोचित आधार सहितको बिल पेश भएको ।

(ञ) दैनिक ज्याला मजदुरी गरि पारिवार धान्नुपर्ने अवस्था भई अति विपन्न नागरिक हु भन्ने स्वघोषणा पत्र अनिवार्य पेश गर्नुपर्ने ।

**७. विविध:** १. कार्यविधि लागुगर्दा दुविधा भएमा वा थपकुरा बुझ्नु परेमा नगरपालिकाको कोभिड निर्देशक समितिको संयोजकलाई संपर्क गरी बुझ्न सकिने छ ।

२. मन्त्रालय, प्रदेश, जिल्ला तथा नगरपालिबाट प्रेषित सूचना, निर्देशन र जानकारिहरु नियमित रुपमा वेवसाईट वा उपयुक्त माध्यमबाट प्राप्त गरि सोको पालना गर्नुपर्ने छ ।

३ आफु सुरक्षित रही अरुलाई पनि सुरक्षित रहने वातावरण सिर्जना गर्न आम नागरिकहरुलाई नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

४. नगरवासीहरुको स्वास्थ्य सुरक्षा गर्नु नगरपालिकाको परम कर्तव्य हुँदा हुदै पनि नगरपालिकामा आर्थिक अभाव हुँदा हुदै पनि नगरापालिका भित्रका चरम गरिवीले गाजेको नागरिहरुको उपचारको लागि नगरपालिका पन्छिन नमिल्ने अवस्था भएको हुँदा उपरोक्त कार्यविधी जारी भएको र यो कार्यविधी कार्यान्यनमा सहयोग पुर्याउन आम नगरवासीमा नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल